दिनांकः २३ नोवेम्बर २०२६

प्रेस वक्तव्य

हामी भारत स्थित नेपालीहरूका चार संगठन मूल प्रवाह अखिल भारत नेपाली एकता समाज, नेपाली समाज भारत, प्रवासी नेपाली संघ भारत र जनसम्पर्क समिति भारत नेपाल सरकारका सम्माननिय प्रधानमन्त्री भारत भ्रमणको समयमा प्रधानमन्त्रीलाई भेट गरि सरकार समक्ष भारतस्थित नेपालीहरूका साझा समस्याहरूलाई उठान गर्ने योजना सहित ज्ञापन पत्र तैयार गरेका थियौं । तर प्रधानमन्त्रीको कार्यालय एवं नेपाली राजदुताबास नई दिल्लीले समय उपलब्ध गराउन अस्वीकार गरे पछि हामीले तयार गरेको ज्ञापन पत्र यसै प्रेस वक्तव्य मार्फत सार्वजनिक गरि सबैको ध्यानाकर्षकण गराउन चाहन्छौं ।

ज्ञापन पत्र निम्न अनुसारको छ ।

सम्माननिय प्रधानमन्त्री ज्यू
नेपाल सरकार, टुर मुकाम कार्यालय
नेपाली राजदुतावास नई दिल्ली, भारत

विषयः ज्ञापन पत्र ।

हामी भारत स्थित नेपालीहरूका चार संगठन मूल प्रवाह अखिल भारत नेपाली एकता समाज, नेपाली समाज भारत, प्रवासी नेपाली संघ भारत र जनसम्पर्क समिति भारत नेपाल सरकारका सम्माननिय प्रधानमन्त्री समक्ष विषयमा ध्यानाकषर्ण गराउदै समाधानको लागी माग गर्दछौं ।

हामी नेपालीहरू देशको जनसंख्याको एक तिहाई भारत लगायत विभिन्न देशमा रोजगारको लागि विदेशिन बाध्य भएका छौं । त्यसको पछाडी देशको सामाजिक, आर्थिक तथा मुख्यरूपमा राजनैतिक अवस्था नै जिम्मेवार छ । नेपाली जनताले देशको राजनैतिक अवस्था परिवर्तनको लागि अनेकन पटक आन्दोलनहरू गरे । ति आन्दोलनहरूमा प्रवासबाट खास गरि भारत प्रवासबाट ठूलो सहयोग रहेको सर्वविदितै छ । हामी भारत स्थित नेपालीहरूका संगठनहरू बिच सैद्धान्तिक र सांगठानिक विषयमा फरक-फरक मान्यता भएता पनि राष्ट्रियता, जनतन्त्र, जनजिविका तथा भारतस्थित नेपालीहरूका हक-हित तथा सुरक्षाको विषयमा लामो ऐक्यवद्धता एवं सहकार्य रहदै आएको स्मरण गराउन चाहन्छौं । हामीले २०४६ सालमा लोकतन्त्रको वहाली पछि भारतको औपचारीक भ्रमणमा आएको समयमा नेपालका सम्माननिय प्रधानमन्त्रीहरू समक्ष आफ्ना विषयहरू राख्दै समाधानको माग गर्दै आएका छौं । यो भ्रमणमा पनि नेपाल सरकारका सम्माननिय प्रधानमन्त्री समक्ष निम्न विषयहरू प्रस्तुत गर्दै समाधानको माग गर्दछौं ।

१. हाम्रा अग्रजहरूले आफ्नो जिवनको बलिदान गरि राष्ट्रको निर्माण तथा रक्षा गरेको गौरवमय इतिहास हाम्रो समक्ष छ । राष्ट्रियता सार्वभौमिकताको रक्षाको लागि नेपाली जनताको संघर्षले नै नेपाल कहिलै पनि विदेशीको अधीनस्थ भएन र हामीलाई कहिलै नझुक्ने स्वाभीमानी नेपालीको गौरव प्राप्त भएको हो । बदलिएको परिपेक्षमा वर्तमान सरकारले सार्वभौम सत्ताको सम्मान गर्दै नेपालको असंगलन्न पररराष्ट्र नितिको पालन गर्ने छ तथा कुनै दवावमा नआई अप्रिय र राष्ट्रहित विपरित संधी-सम्झौता तथा सहमती नगर्न सचेत गराउन चाहन्छौं ।
२. नेपाली जनताले लामो ऐतिहासिक संघर्षको बलमा निरंकुस व्यवस्था तथा राजतन्त्रको अन्त गरेका हुन । वर्तमान सरकारले संविधान संशोधन बहसमा गणतन्त्र राख्ने कि नराख्नेबारे चलाएको बहसले यो सरकारले प्रतिगमन भित्राउन प्रयास गरेको देखिन्छ । राजतन्त्रात्मक व्यवस्था भन्दा गणतान्त्रिक व्यवस्था प्रगतिशिल व्यवस्था हो र त्यसको रक्षा गर्नु हामी सबैको साझा कर्तव्य हुन आउछ । हालै सरकारले शिक्षक तथा कर्मचारीहरूको पेसागत

संगठन, ट्रेड युनियन, क्याम्पसहरूमा स्वतन्त्र विद्यार्थी युनियन खारेजी, पत्रकारहरूमाथि आक्रमण लगायतका घटनाक्रमहरूले सरकार अधिनायकत्ववादी दिशा तिर गैरहेको छ । जनताको बलिदानीपूर्ण आन्दोलनको बलमा स्थापित गणतन्त्र र संबिधानसभाद्वारा निर्माण गरिएको संबिधानमा धर्मनिरपेक्षता, समावेसी-समानुपालिक प्रणाली लगायत जनताका आधारभुत मौलिक हक-अधिकारको सुनिश्चित गर्ने प्रणालीको रक्षा गरिनु पर्छ र सरकारका त्यसप्रकारको जनविरोधी कदम रोक्न माग गर्दछौं ।

३. प्रवासी नेपालीहरूले पठाएको रेमिटेन्सले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको छ । तर प्रवासी नेपालीहरू मताधिकारबाट वंचित छन् । प्रवासी नेपालीहरूको मताधिकार तथा समानुपातिक प्रतिनिधीत्वलाई सुनिश्चित गर्ने व्यवस्था मिलाईयोस ।

४. नेपालीहरू भारत लागायत विश्वका कैयौं मुलुकहरूमा विभिन्न प्रकारका समस्याको सामना गरि रहेका छन् । भारतमा नेपालीहरूको समस्या झन झटिल भईरहेको छ । अहिले पनि नेपालीहरूको मुख्य समस्या पहिचानको नै हो । हामी १९५०को सन्धीको आधारमा भारतमा आएका हौं । उक्त सन्धीमा भारतमा नेपालीहरूलाई पनि भारतिय नागरिक सरह, आवागमन, नोकरी पेशा, सम्पत्ती खरिद-बिक्री आदी गर्न पाउने भनिएको छ । भारत सारकारले आधारकार्ड प्रत्येक जीवन उपयोगी बस्तुहरूको लागि अनिर्वाय बनाईएको छ । आधारकार्ड कुनै नागरिकता होईन, १८२ दिन काटेको कुनै पनि विदेशीले आधारकार्ड बनाउन सक्ने नियमावलीले पनि भनेको छ । तर त्यसमा भएको १८२ दिन भारतमा बसेको प्रमाण र स्थानिय ठेगाना दिन नेपालीहरूको लागि सम्भव हुदैन । आधारकार्ड बिना बैक खाता, सवारी चालक अनुमती पत्र, बच्चाहरूको स्कुल भर्ना, अस्पताल भर्ना, विभिन्न दुर्घटनाहरूमा पाईने क्षतिपूर्ती, नोकरीबाट सेवानिवृत पछि पाईनु पर्ने फण्ड तथा पेन्सन आदीको लागि आधारकार्डको अभावमा समस्याहरू पैदा भएका छन् । नेपालहरूको लागि सरल तथा सुलभ प्रकारले आधारकार्ड बनाउने व्यवस्था मिलाउन हामी सरकार समक्ष माग गर्दछौं ।

५. नेपालीहरूलाई दोहोरो नागरिकताको नाममा कैयौं स्थानमा गिरफ्तार गर्ने, मुद्दा चलाउने गरेका कैंयौ घटनाहरू घटेका छन् । भारतमा नेपालीहरूले दैनिक जीवन उपयोगी सुबिधाहरूको लागि दोहोरो नागरिकता झाल्किने प्रकारका दस्तावेज बनाएको भएता पनि त्यो जानकारीको अभावमा नै बनाएका हुनसक्छन् । नेपाल सरकारले भारत सरकारसंग कुटनैतिक पहल गरि त्यस प्रकारका घटनाहरूमा परेका नेपालीहरूलाई न्याय दिलाउने तथा दोहोरो नागरिकता झल्किने कुनै दस्तावेज भए त्यसलाई निरस्त गर्ने व्यवस्था गर्न माग गर्दछौं ।

६. भारतमा अध्ययन तथा स्वास्थ्य उपचारको लागि नेपालबाट ठूलो संख्यामा नेपालीहरू आउने गर्दछन । उनीहरूबाट कैयौं शैक्षिक संस्थान तथा अस्पतालहरूले विदेशी भनी अतिरिक्त शुल्क लिने गरेका छन् । साथै भारतमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नोकरी पेशामा भेदभाव हुने गरेको छ र उनीहरूबाट पात्रता-प्रमाणपत्र (ईलिजीविटी सर्टीफिकेट)को माग गरिन्छ । यो १९५०को संधीले दिएको सुबिधाको विरूद्ध छ । त्यसको अन्त गर्न कुटनैतिक पहल गरि स्थाई समाधान गर्न माग गर्दछौं ।

७. भारतमा यात्राको क्रममा बस तथा रेलहरू र सिमा नाकाहरूमा नेपालीहरू असामाजिक तत्वहरूबाट लुटपाट तथा प्रशासनबाट दुर्व्यहारको सिकार भएका कैयौं घटनाहरू प्रकासमा आएकाछन् । त्यसलाई रोक्न सरकारबाट आवश्यक पहल गर्न माग गर्दछौं ।

धन्यवाद

प्रतिनिधी मण्डल

१. कपिल खनाल, उपाध्यक्ष, मूल प्रवाह अखिल भारत नेपाली एकता समाज, केन्द्रिय समिति
२. आर. बि. खड्का, सह-संयोजक, नेपाली समाज भारत, केन्द्रिय समिति
३. जिवन शर्मा भुसाल, सचिवालय सदस्य, प्रवासी नेपाली संघ भारत, केन्द्रिय समिति
४. नन्दी कुमारी न्यौपाने, सदस्य, नेपाली जनसर्म्पक समिति, केन्द्रिय समिति